ISSN: 3021-923X Print
ISSN: 3021-9248 Online








# CTEVT
# NEWS BULLETIN

२०८० वर्षः २१ अङ्कः ३

## यस अङ्कका आकर्षण


- सम्पादकीय
- समाचार तथा गतिविधि
- महाशाखा गतिविधि
- प्रदेश गतिविधि
- परियोजना गतिविधि
- शिक्षालयको परिचय
- सफलताको कथा


**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्**
सानोठिमी, भक्तपुर, फोन नं. ०१-६६३०४०८, ६६३०७६९, इमेलः research@ctevt.org.np, वेबसाइटः www.ctevt.org.np




**सल्लाहकार**

श्री खगेन्द्र प्रसाद अधिकारी

ई. महेश भट्टराई

**सम्पादक मण्डल**

श्री भुवनेश्वर ढुङ्गाना

श्री एकराज अधिकारी

श्री सीमा कुमारी श्रेष्ठ

**कम्प्यूटर डिजाइन**

ई. संगम गौतम

**समन्वय तथा योगदान**

श्री पूर्णभक्त डंगोल

श्री देवदत्त बडू

**प्रकाशक**

सूचना तथा अनुसन्धान महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

सानोठिमी, भक्तपुर

पो.व.नं. ३५४६, काठमाण्डौ

फोन नं. ०१-५६३९४५१, ६६३०४०८

इमेल : research@ctevt.org.np

वेबसाइट : www.ctevt.org.np

प्रकाशन मितिः २०८० माघ

# सम्पादकीय

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमलाई सुव्यवस्थित र स्तरयुक्त गर्न एवं त्यस्ता तालीम दिने विभिन्न निकायहरूका बीच समन्वय कायम गर्न तथा सीपको स्तर निर्धारण गर्न एवं प्रमाणीकरण गर्नको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को स्थापना भएको हो । वि.सं. २०४५ मा स्थापना भएको परिषद् अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हो । स्थापना कालदेखि हालसम्म परिषद्ले विभिन्न विधा र पेशामा आधारभूत तथा मध्यमस्तरीय दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्दै आइरहेको छ ।

समयक्रमसँगै परिषद्को संस्थागत संरचनामा पनि व्यापक विस्तार भएको छ । हालसम्म परिषद्का ६५ वटा आङ्गिक शिक्षालयहरू स्थापना भई सञ्चालनमा आएका छन् । साथै ७ वटै प्रदेशमा परिषद्का प्रदेश कार्यालयहरू समेत सञ्चालित छन् । केन्द्रीय कार्यालयका अतिरिक्त परिषद् अन्तर्गत अर्धस्वायत्त निकायको रूपमा प्राविधिक प्रशिक्षण प्रतिष्ठान, राष्ट्रिय सीप परीक्षण समिति र परीक्षा नियन्त्रण कार्यालय सञ्चालित छन् । यसकासाथै विकास साझेदारहरूको सहयोगमा परिषद् अन्तर्गत नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना, दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना र युवाहरूका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम परियोजना सञ्चालनमा रहेका छन् ।

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमले व्यवहारिक सीप र ज्ञानको माध्यमबाट प्रशिक्षार्थीलाई एक कुशल पेशाकर्मी बन्न मद्दत गर्दछ । यसले व्यक्तिलाई बोली खाने भन्दा गरी खाने बनाउँछ । यसले व्यक्तिलाई उद्यमशील बन्न अभिप्रेरित गर्दछ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमले सीपयुक्त दक्ष जनशक्ति उत्पादन गरी देशमा भएको बेरोजगारी तथा गरिबी कम गराई आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदछ । नेपालको संविधान २०७२ मा शिक्षा, रोजगारी तथा श्रमको हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरिएको छ । साथै शिक्षालाई वैज्ञानिक, व्यावसायिक, सीपमूलक, रोजगारीमूलक एवं जनमुखी बनाई सक्षम, प्रतिस्पर्धी, नैतिकवान र राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने राज्यको नीति हुने व्यवस्था समेत नेपालको संविधानमा गरिएको छ । यसरी देशको मूल कानुनको रूपमा रहेको संविधानले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमलाई महत्व दिएको छ ।

नेपालको वर्तमान संविधानले संघीय प्रणालीलाई अंगीकार गरेको हुँदा परिवर्तित संरचनामा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम प्रदान गर्ने निकायहरूको भूमिका नयाँ ऐन कानुन तर्जुमा गरी स्पष्ट पार्न जरुरी देखिन्छ । त्यसैगरी प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रममा आम नागरिकको पहुँच वृद्धिका लागि नयाँ शिक्षालय स्थापना गर्दा सीप नक्साङ्कनका आधारमा गर्नु जरुरी छ भने कतिपय सञ्चालनमा रहेका शिक्षालय तथा कार्यक्रमहरूलाई अध्ययनका आधारमा मर्ज गर्दा श्रोत र साधनको समुचित सदुपयोग हुने देखिन्छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीमको पहुँच बाहिर रहेका नागरिकलाई उपयुक्त वैकल्पिक माध्यमहरू जस्तै आवासीय छात्रवृत्ति तथा घुम्ती तालीम कार्यक्रमहरूबाट सेवा प्रदान गर्न सकिन्छ । साथै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा गुणस्तर अभिवृद्धिका लागि दक्षतामा आधारित सान्दर्भिक पाठ्यक्रमको निर्माण तथा कार्यान्वयन, गुणस्तरीय प्रशिक्षण, आधुनिक प्रयोगशाला तथा उद्योगमा पर्याप्त अभ्यास, वस्तुनिष्ठ मूल्याङ्कन र निरन्तर अनुगमन तथा सुपरीवेक्षण गर्नु पर्ने हुन्छ । यसका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् सधैं क्रियाशील रहदैं आएको छ ।

अन्तमा, प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद्बाट सम्पादन भएका विभिन्न कार्यक्रमहरूको बारेमा सरोकारवालाहरूलाई सुसूचित गराउने उद्देश्यका साथ त्रैमासिक सिटिइभिटी समाचार बुलेटिनको नयाँ अङ्क प्रकाशन गरेका छौं । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी समाचार तथा गतिविधि, शिक्षालयको परिचय, सफलताको कथा लगायतका विषयवस्तु समेटेर तयार गरिने सिटिइभिटी समाचार बुलेटिनलाई अझ बढी पठनीय र जानकारीमूलक बनाउन आम पाठक वर्गबाट रचनात्मक सुझाव तथा पृष्ठपोषणको अपेक्षा गर्दछौं । साथै प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी सन्देशमूलक सामग्री तथा गतिविधिहरू नियमितरूपमा उपलब्ध गराई सहयोग गरिदिनुहुन सरोकारवाला सबैमा हार्दिक अनुरोध गर्दछौं ।

# परिषद्का नवनियुक्त सदस्य-सचिवबाट पद बहाली

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्का नवनियुक्त सदस्य-सचिव ई. महेश भट्टराईले यहि मिति २०८० पुष १६ गते सोमबारका दिन पद बहाली गर्नु भयो । नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०८० पुष १२ गतेको निर्णय अनुसार ई. भट्टराई परिषद्को रिक्त सदस्य-सचिव पदमा नियुक्त हुनु भएको हो । परिषद् कार्यालयमा नवनियुक्त सदस्य-सचिवलाई परिषद्का उपाध्यक्ष श्री खगेन्द्र प्रसाद अधिकारी तथा परिषद् अन्तर्गत रहेका विभिन्न महाशाखा, परियोजना तथा कार्यालयका निर्देशक एवं कर्मचारीहरूले स्वागत गर्नु भएको थियो ।

नवनियुक्त सदस्य-सचिवको स्वागतार्थ परिषद् कार्यालयमा एक संक्षिप्त स्वागत कार्यक्रमको आयोजना गरिएको थियो । उक्त अवसरमा सदस्य-सचिव भट्टराईले संस्थाको गरिमालाई उच्च बनाउँन आफूले सक्दो प्रयास गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । वहाँले सुशासन तथा पारदर्शिताको ज्यादै ठूलो महत्व रहेको चर्चा गर्दै सबै कर्मचारीहरूलाई सबैभन्दा पहिला आफू परिषद्को जिम्मेवार कर्मचारी हूँ भन्ने ख्याल राखी कार्य गर्न निर्देशन दिनुभयो । मुलकको परिवर्तित सन्दर्भ सुहाउँदो संस्थागत संरचना तथा सोही अनुसारको दरबन्दी स्वीकृतिका लागि विशेष पहल गर्ने र पदपूर्ति कार्यलाई नियमित गर्ने प्रतिबद्धता समेत वहाँले व्यक्त गर्नु भयो । मुलुकले संघीय प्रणाली अबलम्बन गरेको सन्दर्भमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम क्षेत्रलाई थप व्यवस्थित बनाउँन नयाँ ऐनको टड्कारो आवश्यकता परेको उल्लेख गर्नु हुँदै वहाँले प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी नयाँ ऐन निर्माणमा आफूले सक्दो पहल गर्ने विचार व्यक्त गर्नु भयो ।

कार्यक्रममा समापन मन्तव्य व्यक्त गर्नु हुँदै परिषद्का उपाध्यक्ष श्री खगेन्द्र प्रसाद अधिकारीले नवनियुक्त सदस्य-सचिवलाई कार्यकालको सफलताका लागि शुभकामना दिदैं वहाँसँगको सहकार्यमा परिषद्ले नागरिकलाई प्रदान गर्दै आइरहेको सेवा अझ बढी गुणस्तरीय र सर्वसुलभ हुने विश्वास व्यक्त गर्नु भयो । परिषद्को सेवा प्रवाहलाई अझ बढी चुस्त दुरुस्त बनाउन कर्मचारीको वर्तमान कार्यशैलीलाई बदल्नु आवश्यक रहेको विचार व्यक्त गर्दै वहाँले पारदर्शिता र कुशल व्यवस्थापनका माध्यमबाट परिषद्को छवी जाजल्यमान बनाउन सकिने विचार व्यक्त गर्नु भयो । संघीय संरचना सुहाउँदो प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम सम्बन्धी ऐन यथाशीघ्र निर्माणका लागि सम्बन्धित सबै सरोकारवालाहरूलाई आवश्यक पहलका लागि वहाँले अनुरोध समेत गर्नुभयो ।

वि.सं. २०२६ सालमा अर्घाखाँची जिल्लामा जन्मनु भएका ई. महेश भट्टराई मिति २०५३/०२/२४ गतेदेखि निर्माण प्रशिक्षक (अधिकृत स्तर तृतीय श्रेणी प्राविधिक) पदमा राप्ती प्राविधिक शिक्षालय, दाङ्गबाट परिषद्को स्थायी सेवामा प्रवेश गर्नु भएको थियो । वहाँ वरिष्ठ स्यानिटरी प्रशिक्षक, शिक्षालय प्रमुख, निर्देशक हुँदै मिति २०७७ पुष ३ गतेदेखि प्राविधिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी निर्देशक तथा मिति २०८० भदौ २६ गतेको माननीय मन्त्रीस्तरीय निर्णयानुसार परिषद् कार्यालयको निमित्त सदस्य-सचिवको जिम्मेवारीमा हुनुहुन्थ्यो । वहाँले त्रिभुवन विश्वविद्यालयबाट Environmental Engineering विषयमा स्नातकोत्तर उपाधी हासिल गर्नु भएको छ ।



# नीति निर्माण तथा योजना महाशाखा

१. मिति २०८० कार्तिक १७ गते जाजरकोट केन्द्रबिन्दु भएर गएको ६.४ म्याग्निच्युडको भूकम्पले गर्दा १५७ जनाले ज्यान गुमाउनु पर्‍यो भने करिब ३७५ जना घाइते भए । भूकम्पले जनधनको ठूलो क्षति हुनाका साथै सरकारी भवन, विद्यालय तथा प्राविधिक शिक्षालयलाई समेत क्षति पुर्‍यायो । कर्णाली प्रदेशको जुम्ला जिल्लामा अवस्थित पुरानो र ऐतिहासिक कर्णाली प्राविधिक शिक्षालयका विभिन्न भवनहरुमा धेरै नै क्षति भयो । विशेषतः महिला छात्रवासको उत्तरतर्फ रहेको जगलाई समेत पूर्ण क्षति पुर्‍याएको सन्दर्भमा र कर्णाली प्रदेशका विभिन्न जिल्लाहरुमा रहेका प्राविधिक शिक्षालयहरुमा भूकम्पले पुर्‍याएको क्षति र त्यसलाई कसरी पुर्ननिर्माण गर्न सकिन्छ भन्ने सन्दर्भमा मिति २०८० मंसिर १४ देखि १९ गतेसम्म राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. रमेश चन्द्र पौडेलको नेतृत्वमा एक निरीक्षण टोली त्यसतर्फ गएको थियो । उक्त टोलीमा प्राविधक शिक्षा तथा व्यावसायिक तालीम परिषद् नीति निर्माण तथा योजना महाशाखाका निर्देशक श्री गेहेन्द्र बहादुर कार्की, नीति निर्माण तथा योजना महाशाखाका उपनिर्देशक दीपकबाबु अर्याल तथा प्रशासन महाशाखाका उपनिर्देशक श्री मीन बहादुर बस्नेत समेत सहभागी हुनुभएको थियो । निरीक्षण पश्चात त्यहाँको वास्तविक समस्या पहिचान गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग आवश्यक रकम व्यवस्थापनको लागि समन्वय समेत भइसकेको छ ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परिषद् प्रदेश कार्यालय र परिषद्का आङ्गिक शिक्षालयहरूबाट आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन हुने बजेट तथा कार्यक्रम कार्यान्वयनलाई औचित्यपूर्ण, सरल, मितव्ययी र व्यवस्थित बनाउन, कार्यक्रम सञ्चालनमा एकरुपता कायम गर्न, उपलब्ध स्रोतलाई प्राथमिकीकरण गरी अत्यावश्यक क्रियाकलापमा खर्च गर्न, सार्वजनिक खर्चमा एकरुपता तथा मितव्ययिता कायम गर्न तथा गराउनका साथै कार्यक्रम सञ्चालनमा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिताको बोध गराई लक्षित उपलब्धी हासिल गर्न तथा आर्थिक अनुशासन कायम गर्न सघाउने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को मिति २०७७/१०/१५ को १८४ औं बैठकको निर्णय नं. १०८८ बमोजिम परिषद् कार्यालयबाट मिति २०८०/०८/०५ गते परिषद्को **कार्यक्रम कार्यान्वयन कार्यविधि**, २०८०/८१ स्वीकृत भएको छ । चालु आ.व.मा शिक्षासँग सम्बन्धित विभिन्न कार्यक्रमहरू कार्यान्वयनका लागि ससर्त अनुदानका रूपमा स्थानीय एवम् प्रदेश तहमा बजेट हस्तान्तरण भइसकेको सन्दर्भमा मिति २०८० पौष १७ गते परिषद् कोशी प्रदेश कार्यालय मातहतका आंगिक शिक्षालयहरू, परिषद्बाट कार्यान्वयन गरिएका विभिन्न परियोजनाहरू, साझेदारी संस्थाहरू र कोशी प्रदेश सामाजिक विकास मन्त्रालयका प्रतिनिधिहरू तथा लेखा हेर्ने अधिकारीहरूको उपस्थितिमा १ दिने कार्यक्रम कार्यान्वयन अभिमुखीकरण कार्यशाला सम्पन्न भयो ।



३. चालु आ.व. २०८०/०८१ को दोश्रो त्रैमासिकको अन्तसम्ममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गतका कार्यालय तथा परियोजनाहरूको भौतिक तथा वित्तीय प्रगति देहाय अनुसार रहेको छ ।

| क्र. सं. | नाम | कुल | | प्रगति | | पहिलो त्रैमासिक प्रगति | | | | दोस्रो त्रैमासिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बजेट [a] | परिमाण | बजेट [a] | परिमाण | बजेट [a] | परिमाण | भौतिक% | वित्तीय% | बजेट [a] | परिमाण | भौतिक% | वित्तीय% |
| १ | प्राविधिक प्रशिक्षण प्रतिष्ठान | ९४२.७३ | २८४९ | २८६.२१ | ८६६.२ | १५६.७ | ४४५.५ | ६१.२ | ६५.२२ | १२९.५१ | ४२०.७ | ९१.४६ | ५१.४६ |
| २ | राष्ट्रिय सीप परीक्षण समिति | २६८६.७५ | १०१४९५ | ८११.६२ | ६८८५१ | ४११.७२ | २३५७७ | ९४.०६ | ८०.२७ | ३९९.९ | ४५२७४ | ९५.९ | ३८.६५ |
| ३ | परीक्षा नियन्त्रण कार्यालय | ८६२.६८ | १९४३ | ४३४.३१ | ५११ | ३१६.०६ | ३३० | १०२.१७ | १४४.८८ | ११८.२५ | १८१ | ६२.४१ | ५१.८२ |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् केन्द्रीय कार्यालय | ४७९८.४२ | ५९७७ | १३६०.२९ | १४८३.८ | ६६२.२४ | ८८७ | ४५.७ | ७४.०२ | ६९८.०५ | ५९६.८ | ७०.७९ | ४०.९४ |
| ५ | इन्स्योर परियोजना दोश्रो चरण | ३२१९.८ | २४२३६ | ९९८.५२ | २०२०० | ४४७.०१ | १२०४२ | ९५.०२ | ५६.३६ | ५५१.५१ | ८१५८ | ९५.४७ | ५५.३२ |
| ६ | युवाका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालीम परियोजना | १५७७.६२ | १९९२ | ५३३.५ | २६७.५ | २५४.१९ | ७८.२५ | १७.७४ | ६१.१ | २७९.३१ | १८९.२५ | ४५.६ | ७२.६९ |
| | कुल | १४०८८ | १३८४९२ | ४४२४.४५ | ९२१७९.५ | २२४७.९२ | ३७३५९.७५ | | | २१७६.५३ | ५४८१९.७५ | | |

[a] बजेट रु. लाखमा

# प्राविधिक महाशाखा

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आ.व. २०८०/०८१ को स्वीकृत कार्यक्रम तथा बजेटमा विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत दलित, मुस्लिम तथा विपन्न परिवारका छात्रछात्रा तथा देशभरीका लोपन्मुख जातिका छात्रछात्राहरूका लागि छात्रवृत्ति कार्यक्रम निर्देशिका, २०७३ बमोजिम ४०० जना र प्राविधिक शिक्षाको पहुँच नपुगेका स्थानीय तह लक्षित प्राविधिक शिक्षामा आवासीय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम २०० जना छात्रछात्रालाई आवासीय सुविधा सहितको विशेष छात्रवृत्ति प्रदान गर्ने कार्यक्रम अनुसार विद्यार्थी भर्नाको लागि मिति २०८०/०४/२३ मा सूचना प्रकाशन गरी मिति २०८०/०७/२३ गतेसम्म सिफारिस गरिएका शिक्षालयमा पहिलो किस्ता अन्तर्गत निर्वाह भत्ता र आवास सुविधा सहित अन्य लागत अनुमानको २० प्रतिशत खर्च रकम निकासाको प्रक्रियामा रहेको छ ।

**प्राविधिक शिक्षामा विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत डिप्लोमा र प्रि–डिप्लोमा तहमा हालसम्म भर्ना भएका प्रशिक्षार्थीहरूको विवरण**

| क्र.सं. | कार्यक्रम | सिफारिस भएका शिक्षालयहरू | कोटा | भर्ना संख्या | रिक्त कोटा |
|---|---|---|---|---|---|
| १. | प्रि-डिप्लोमा इन अटोमोबाइल इन्जिनियरिङ्ग | पनौती प्राविधिक शिक्षालय, पनौती, काभ्रे | ४० | २३ | १७ |
| २. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | तनहुँ प्राविधिक शिक्षालय, भिमाद, तनहुँ | ४० | ३८ | २ |
| ३. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | जिरी प्राविधिक शिक्षालय, जिरी, दोलखा | ४० | ४० | ० |
| ४. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | बी.पी. स्मृति ब.प्रा.शि., धनुषा | ४० | ४० | ० |
| ५. | डिप्लोमा इन एग्रिकल्चर (बाली विज्ञान) | श्रीराम मिथिला ब.प्रा.शि., भोजपुर | ४० | ४० | ० |
| ६. | डिप्लोमा इन होटल मेनेजमेन्ट | नेपाल बनेपा ब.प्रा.शि., बनेपा, काभ्रे | ४० | ४० | ० |
| ७. | डिप्लोमा इन इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इर्न्जनियरिङ्ग | कोरिया नेपाल ब.प्रा.शि., बुटवल | ४० | ४० | ० |
| ८. | डिप्लोमा इन फरेष्ट्री | टीकापुर ब.प्रा.शि., टीकापुर | ४० | ४० | ० |
| ९. | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | सेती प्रा.शि., दिपायल, डोटी | ४० | ४० | ० |

## प्राविधिक शिक्षाको पहुँच नपुगेका ८० पालिका लक्षित छात्रवृत्ति कार्यक्रम अन्तर्गत डिप्लोमा तहमा हालसम्म भर्ना भएका प्रशिक्षार्थीहरूको विवरण

| क्र.सं. | कार्यक्रम | सिफारिस भएका शिक्षालयहरू | कोटा | भर्ना संख्या | रिक्त कोटा |
|---|---|---|---|---|---|
| १. | डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग | रत्नकुमार बान्तवा ब.प्रा.शि., इलाम | ४० | ४० | ० |
| २. | डिप्लोमा इन होटल मेनेजमेन्ट | भरतपुर ब.प्रा.शि., शरदपुर, चितवन | ४० | १५ | २५ |
| ३. | डिप्लोमा इन एग्रिकल्चर (पशु विज्ञान) | शहीद नेत्रलाल ब.प्रा.शि., सल्यान | ४० | २७ | १३ |

छात्रवृत्ति कार्यक्रम समन्वय समितिको मिति २०८०/६/१६ गतेको बैठक र पहुँच नपुगेका ८० पालिका लक्षित कार्यक्रमको समन्वय तथा सञ्चालन समितिको मिति २०८०/०६/१७ गतेको बैठकको निर्णयानुसार रिक्त कोटामा डिप्लोमा इन फार्मेसी कार्यक्रम संचालन गर्ने गरी परिषद् कार्यलयलाई अख्तियारी प्रदान गरी यसै शैक्षिक सत्रबाट तपसिलका शिक्षालयहरूमा डिप्लोमा इन फार्मेसी कार्यक्रम संचालनका लागि मिति २०८०/०८/१७ गतेको बैठकको निर्णयानुसार विद्यार्थी भर्ना गर्ने गरी प्रक्रिया अगाडि बढाइएको र सो का लागि कोटा निर्धारण समेत गर्नु पर्ने भएकाले कोटा निर्धारणका लागि चिकित्सा शिक्षा आयोगमा सिफारिस गरिएको छ ।

## डिप्लोमा इन फार्मेसी कार्यक्रम संचालन गर्न आशयपत्र प्राप्त गरेका शिक्षालयहरू

| सि.नं. | शिक्षालयको नाम र ठेगाना | भर्ना कोटा | छात्रवृत्तिको किसिम | कैफियत |
|---|---|---|---|---|
| १. | उत्तरपानी प्राविधिक शिक्षालय, धनकुटा | ३६ | प्राविधिक शिक्षाको पहुँच नपुगेका ८० पालिका लक्षित छात्रवृत्ति कार्यक्रम | |
| २. | दिनेश रामजी ब.प्रा.शि., सिन्धुपाल्चोक | ३७ | | |
| ३. | शहीद यज्ञेश्वर ब.प्रा.शि., रुकुम पश्चिम | ३६ | | |
| ४. | लहान प्राविधिक शिक्षालय, सिरहा | ३५ | दलित, मुस्लिम तथा विपन्न जाति लक्षित छात्रवृत्ति कार्यक्रम | |
| ५. | कालीगण्डकी ब.प्रा.शि., पुट्टार, तनहुँ | ३४ | | |



# राष्ट्रिय सीप परीक्षण समिति

## पूर्व सिकाइको मान्यताका लागि सीप परीक्षण

पूर्व सिकाईको मान्यताका लागि राष्ट्रिय सीप परीक्षण समितिले १,००४ जनाको सीप परीक्षण गर्ने कार्य सम्पन्न गरेको छ । सहभागीहरू मध्ये ६३ प्रतिशत सहभागीहरू सामाजिक बहिष्करणमा परेका समुदायबाट थिए, जसमा ५ प्रतिशत महिला थिए । सीप परीक्षण गण्डकी र लुम्बिनी प्रदेशमा सञ्चालन गरिएको थियो । कन्स्ट्रक्सन मेसन तह २, प्लम्बर तह २, वेल्डर तह २, हाउस पेन्टिङ्ग तह २, टाइल्स एण्ड मार्बल फिक्सर तह र गार्मेन्ट फ्याब्रिकेटर तह १ गरी जम्मा ६ वटा फरक फरक पेशा व्यवसायमा सहभागीहरुको सीप परीक्षण गरिएको थियो ।

## सीप परीक्षण मूल्याङ्कनकर्ता तालीम सम्पन्न

सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशमा प्राविधिक प्रशिक्षण प्रतिष्ठानसँगको सहकार्यमा सीप परीक्षण मूल्याङ्कनकर्ता तालीम सम्पन्न भएको छ । उक्त तालीम कार्यक्रमहरूका सहभागीहरूको जम्मा संख्या ९० रहेको थियो । सहभागीहरूमध्ये ५५ जना सामाजिक रूपले वञ्चितीकरणमा परेका समूहबाट थिए भने लैङ्गिक सहभागिताको हिसाबले २९ जना महिला सहभागीहरू थिए । उक्त तालीम कार्यक्रममा सीप परीक्षणको परिचय, मूल्याङ्कनका तौरतरिका र मापदण्ड जस्ता विषयमा घनीभूत छलफल गरिएको थियो । तालीमको उद्देश्य सहभागीहरूलाई निष्पक्ष तथा कुशल सीप परीक्षण मूल्याङ्कनकर्ता बनाउने रहेको थियो ।




# प्राविधिक प्रशिक्षण प्रतिष्ठान

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् तथा अन्तर्गतका विभिन्न आङ्गिक तथा अन्य प्रकारका शिक्षालयहरूमा कार्यरत प्रशिक्षक, पाठ्यक्रम निर्माता, व्यवस्थापकहरूका लागि प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) ले विभिन्न विषयमा क्षमता विकासका तालीम कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । परिषद् बाहेक अन्य सरोकारवाला संघ संस्थाका माग बमोजिम आवश्यकतानुसार विभिन्न क्षेत्रका तालीमहरु समेत प्रतिष्ठानले सञ्चालन गर्दै आइरहेको छ । चालु आ.व. २०८०/०८१ को दोस्रो त्रैमासिक अवधिमा प्रतिष्ठानले सञ्चालन गरेका तालीम कार्यक्रम सम्बन्धी विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | तालीम कार्यक्रम | सहभागी | | जम्मा सहभागी | जम्मा प्रतिहप्ता | जम्मा तालीम कार्यक्रम संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | | | |
| १. | प्रशिक्षण | १४८ | ९८ | २४६ | ४७४ | ११ | |
| २. | पाठ्यक्रम | १८ | ४ | २२ | ४४ | १ | |
| ३. | व्यवस्थापन | ९६ | ३१ | १२७ | १३५ | ६ | |
| ४. | सामुदायिक विकास तथा पेशागत सीप अभिवृद्धि | १५ | ५ | २० | २० | १ | |
| ५. | इ-लर्निङ्ग | ३३ | ६ | ३९ | ७८ | २ | |
| जम्मा | | ३१० | १४४ | ४५४ | ७५१ | २१ | |

प्रशिक्षण कार्यक्रम अन्तर्गत ११ वटा तालीम कार्यक्रमहरूमध्ये Training of Trainers (TOT) १ समुहमा, Instructional Skills for TVET Trainers Part–II (IS–II) २ समुहमा, Educational Counsellor Training (ECT) ७ समुहमा र Basic First Aid (BFA) १ समुहमा सञ्चालन भएको छ । व्यवस्थापन कार्यक्रम अन्तर्गत Training Needs Assessment (TNA) १ समुहमा, Skill Test Assessors Training (STAT) ४ समुहमा र Facilitation and Moderation (FM) १ समुहमा सञ्चालन भएको छ । पेशागत सीप अभिवृद्धि कार्यक्रम अन्तर्गत Training on Competency Development (CD) Framework of TVET System For TVET Instructions at Provincial Level Gender Empowerment and Social Inclusion Training (GESI) १ समुहमा सञ्चालन भएको छ। इ-लर्निङ्ग कार्यक्रम अन्तर्गत Computer Application Training – II (CAT–II) १ समुहमा र Public Procurement and E–GP (PPeGP) १ समुहमा सम्पन्न भएको छ ।



# अनुरोध

सिटिइभिटी समाचार बुलेटिन वर्ष १९ अङ्क १ देखि सफलताको कथा र शिक्षालय परिचय सम्बन्धी नियमित स्तम्भ प्रकाशन हुँदै आएकोले परिषद्बाट सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीम कार्यक्रमबाट प्रशिक्षित भई अरूलाई प्रेरणा दिने खालका सफलताका कथाहरू र प्राविधिक शिक्षालयको संक्षिप्त परिचय झल्कने लेख तथा फोटाहरू सूचना तथा अनुसन्धान महाशाखाको इमेल ठेगाना research@ctevt.org.np मा उपलब्ध गराई दिनुहुन हार्दिक अनुरोध गर्दछौं । - सम्पादक मण्डल

# कोशी प्रदेश कार्यालय

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत कोशी प्रदेश कार्यालयले प्रचलित ऐन कानुन अनुसार आफ्ना कार्यहरू गर्दै आइरहेको छ । यस कार्यालयले आर्थिक वर्ष २०८०/८१ को स्वीकृत बजेट कार्यक्रमको अधिनमा रही दोश्रो त्रैमासिक अवधिमा सञ्चालन गरेका मुख्य मुख्य कार्यहरू देहाय बमोजिम रहेका छन् ।

१. परीक्षा नियन्त्रण कार्यालयको परीक्षा संचालन क्यालेण्डर बमोजिम वार्षिक र सेमेष्टर प्रणालीको परीक्षा संचालन कार्य तालिका अनुसार मिति २०८० मंसिर २१ गते देखि डिप्लोमा प्रमाण पत्र तह प्रथम, दोस्रो, तेस्रो र प्रथम वर्ष दोस्रो खण्डको स्वास्थ्य, इन्जिनयरिङ्ग, कृषि अन्तर्गतको परीक्षा कोशी प्रदेशका २६ वटा परीक्षा केन्द्रमा सम्पन्न भएको छ ।

२. आ.व. २०८० ।८१ को दोस्रो त्रैमासिकसम्म परिषद्, स्तर निर्धारण महाशाखाबाट यस प्रदेशमा छोटो अवधिको तालीम कार्यक्रम अन्तर्गत २९ वटा संस्थाहरुले सम्बन्धन स्विकृति पाएका छन् ।

३. कोशी प्रदेश भित्र रहेका विभिन्न आङ्गिक शिक्षालयहरूको लागि चालु आ.व.मा करार सेवाका लागि LIMBS मा स्वीकृत संख्या अनुसार शिक्षालयहरूका लागि प्राविधिक प्रशिक्षकहरू १७ जना र कोशी प्रदेश कार्यालयका लागि सूचना प्रविधि सहायक १ जना पदपूर्ति गर्ने कार्य सम्पन्न भएको छ ।

४. परिषद् कोशी प्रदेश कार्यालय मातहतका आङ्गिक शिक्षालयहरूका प्रमुख र लेखा प्रमुखको उपस्थितिमा कार्यक्रम कार्यान्वयन अभिमुखीकरण कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

५. प्रदेश कार्यालयमा उत्तरपुस्तिका परीक्षण केन्द्रलाई व्यवस्थित बनाउन कोशी प्रदेश सामाजिक विकास मन्त्रालय अन्तर्गत प्राप्त बजेटको सीमामा रही उत्तरपुस्तिका परीक्षण केन्द्रको स्तरोन्नतिको कार्य शुरु भएको छ ।

६. राष्ट्रिय सीप परीक्षण समितिद्वारा संचालन हुने विभिन्न पेशागत सीप परीक्षण कार्य दोस्रो त्रैमासिकसम्म देहाय बमोजिम सम्पन्न भएको छ ।

| क्र. सं. | पेशाको नाम | तह | सीप परीक्षणमा सहभागी संख्या |
|---|---|---|---|
| १. | कम्प्युटर हार्डवेयर टेक्निसियन | १ | ३१७ |
| २. | बिल्डिङ्ग इलेक्ट्रिसियन | १ | १८ |
| ३. | अफ सिजन भेजिटेबल प्रोड्युसर | १ | ३७ |
| ४. | मसरुम ग्रोअर | १ | ३१ |
| ५. | ब्रिक लेयर मेसन | १ | २० |
| ६. | बी किपर | १ | २० |
| | **जम्मा** | | ४४३ |

७. वैदेशिक रोजगारीबाट फर्किएका, देशभित्रै रोजगारीमा रहेका, वैदेशिक रोजगारीमा जान चाहने तथा जुनसुकै माध्यमबाट ज्ञान तथा सीप आर्जन गरी अनुभव प्राप्त गरेर सीप परीक्षणका लागि इच्छुक ३१५ जना व्यक्तिहरुका लागि कोशी प्रदेश सामाजिक विकास मन्त्रालय, राष्ट्रिय सीप परीक्षण समिति र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, कोशी प्रदेश कार्यालय बीच पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning-RPL) विधीबाट सीप परीक्षण गर्न त्रिपक्षीय सम्झौता भएको छ ।



# नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना

## उत्पादन क्षेत्रको विधागत सीप उप-समिति गठन

काठमाण्डौ स्थित एअरपोर्ट होटलमा यही पौष १३ गते एक महत्वपूर्ण समारोह बीच उत्पादन (Manufacturing) क्षेत्रको विधागत सीप उप-समिति गठन गरियो । नेपाल उद्योग परिसंघ (सीएनआई) को नेतृत्वमा नवगठित यो उप-समितिका सदस्यहरूमा नेपाल गार्मेन्ट एसोसिएसन, नेपाल धागो उत्पादक संघ, समिट पावर लिमिटेड, डाबर नेपाल प्रा.लि., सरावागी समूह, नेपाल जुत्ता उत्पादक संघ, स्वतन्त्र उर्जा उत्पादक संघका प्रतिनिधिहरू रहेका छन् ।

उत्पादन क्षेत्रको विधागत सीप उप-समितिले यस क्षेत्रको सीप नक्शाङ्कन तथा बजारमा आवश्यक सीपको दक्षता मापदण्ड निर्माणमा सक्रिय रूपमा योगदान गर्नेछ । साथै उत्पादन क्षेत्रमा हाल संचालनमा रहेको सीप विकास गतिविधिहरूको अनुगमन तथा लैङ्गिक-उत्तरदायी मानव संसाधन विकासको लागि वकालत गर्नुका साथै गुणस्तरयुक्त सीप मूल्याङ्कन प्रणालीको लागि पनि यस उप-समितिको विशेष भूमिका रहनेछ ।

समारोहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का सदस्य-सचिव ई. महेश भट्टराईले भन्नुभयो, "हामी विधागत सीप उप-समितिलाई सबै प्राविधिक पक्षहरूमा सहयोग गर्न तयार छौं, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम क्षेत्रलाई चलायमान बनाउन निजी क्षेत्रका उद्योग व्यवसायको सक्रिय र प्रतिबद्ध भूमिकाको अपेक्षा गर्दछौं ।"

श्री रोहित गुप्ताको अध्यक्षतामा गठन भएको विधागत उप-समितिका सदस्यहरूमा श्री पशुपति देव पाण्डे, श्री विदुषी राणा, श्री उत्तम प्रसाद गौतम, श्री शरद शारदा, श्री हरकिरत सिंह बेदी, श्री चिराग सरावगी, श्री अनुजा श्रेष्ठ, श्री नानिराज घिमिरे, श्री सुमन जोशी र श्री रामकृष्ण पराजुली हुनुहुन्छ । श्री रोहित गुप्ताले केबल, कन्डक्टर, टाइल र सिमेन्ट उद्योगहरूको प्रतिनिधित्व गर्नुहुन्छ । त्यसैगरी श्री पशुपति देव पाण्डे नेपाल गार्मेन्ट संघको अध्यक्ष हुनुहुन्छ भने श्री उत्तम प्रसाद गौतम र श्री अनुजा श्रेष्ठले कपडा उद्योगको प्रतिनिधित्व गर्नुहुन्छ । श्री विदुषी राणाले जुत्ता उद्योग र श्री शरद शारदाले ऊर्जा उद्योगको प्रतिनिधित्व गर्नुहुन्छ । त्यस्तै, श्री हरकिरत सिंह बेदी र श्री चिराग सरावगी दुवैजना खाद्य र पेय उद्योगको प्रतिनिधित्व गर्नुहुन्छ । यसका साथै नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधित्व गर्दै नेपाल जुत्ता उत्पादक संघबाट श्री नानिराज घिमिरे र स्वतन्त्र उर्जा उत्पादक संघबाट श्री सुमन जोशीले प्रतिनिधित्व गर्नु भएको छ । राष्ट्रिय सीप परीक्षण समितिका तर्फबाट श्री रामकृष्ण पराजुली सो उप-समितिको सदस्य-सचिवको रूपमा रहनु हुनेछ ।

विधागत सीप उप-समिति गठन कार्यक्रममा नव घोषित अध्यक्ष श्री रोहित गुप्ताले आफ्नो मन्तव्यमा भन्नुभयो, "विशेष गरी पहिलो वर्षमा हाम्रो ध्यान उप-समितिको भूमिका र जिम्मेवारीहरू परिभाषित गर्न र उप-समितिहरू स्थापना गर्नमा केन्द्रित हुनेछ जसको लागि यहाँहरूको सल्लाह, सुझाव र मार्गदर्शनको अपेक्षा गर्दछौं ।" भविष्यमा विधागत सीप उप-समितिलाई फराकिलो भूमिका र जिम्मेवारी सहितको विधागत सीप परिषद्मा रूपान्तरण गर्न अथक प्रयास हुने कुरामा वहाँले जोड दिनुभयो ।

राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली अन्तर्गत राष्ट्रिय सीप परीक्षण समितिद्वारा आयोजित कार्यक्रमले निजी क्षेत्र र सरकार बीचको सहयोग र सहकार्यलाई बलियो बनाएको छ । यो सहकार्यले नेपालमा युवाहरूका रोजगारीका लागि महत्वपूर्ण मुद्दाहरूलाई सम्बोधन गर्न एकीकृत दृष्टिकोणको रूपमा काम गर्दछ ।

उत्पादन क्षेत्रको विधागत सीप उप-समिति गठन भएसँगै अब कुल ६ वटा विधागत सीप उप-समितिहरू गठन भएका छन् । यसअघि आतिथ्य सत्कार (Hospitality), निर्माण (Construction), अटोमोबाइल (Automobile), कृषि (Agriculture) र आईसीटी (ICT) क्षेत्रका विधागत सीप उप-समितिहरू गठन भई आ-आफ्नो विधाको पेशागत नक्साङ्कन (Occupational mapping) लाई अन्तिम रूप दिएका छन् । अब यही पेशागत नक्साङ्कनका आधारमा सीप प्रमाणिकाहरूको निर्माण गरिनेछ र उक्त प्रमाणिकाहरू अनुसार सीप परीक्षण तथा प्रमाणीकरण गरिनेछ ।

# इन्स्योर परियोजना

दिगो तथा सम्मानित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाको दोस्रो चरण अन्तर्गत प्रि-डिप्लोमा तह औद्योगिक प्रशिक्षार्थी कार्यक्रमका लागि यस अवधिमा १,४९५ जना युवाहरू (सुविधा बञ्चित समूहहरूबाट ८५%, जसमध्ये ५४% महिलाहरू) भर्ना भएका छन् र ३८ जना युवाहरू (सुविधा बञ्चित समूहहरूबाट ७१%, जसमध्ये ३३% महिला) कार्यगत अभ्यास सहितको तालीममा भर्ना भएका छन् । कार्यगत अभ्यास सहितको तालीममा आफ्नो व्यावसायिक पाठ्यक्रम पूरा गरेका २८५ प्रशिक्षार्थीहरू मध्ये २६३ जनाले सीप प्रशिक्षणको लागि निवेदन दिएका छन्, जस मध्ये ७५ जना (सुविधा बञ्चित समूहहरूबाट ६९%, जस मध्ये ३७% महिला) सीप परीक्षणमा उपस्थित भएका छन् । आर्थिक वर्ष २०८०/८१ को लागि कार्यगत अभ्यास सहितको तालीम भर्नाको प्रक्रिया शुरु गरिएको छ । चालु आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशमा ५२ प्रतिशत महिला सहभागिता सहित औद्योगिक प्रशिक्षार्थी कार्यक्रममा ९६% प्रशिक्षार्थी भर्ना भएका छन् । सामाजिक विकास मन्त्रालयको आन्तरिक कोष अन्तर्गत आर्थिक वर्षमा थप २० जना प्रशिक्षार्थी भर्ना भएका छन् । दुहवी, बुढीगंगा, रामधुनी र सूर्योदय नगरपालिकाले प्रशिक्षार्थीका लागि छात्रवृत्तिको व्यवस्था गरेको छ ।

कम्प्युटर एशोसिएसन अफ नेपाल (CAN) र औद्योगिक प्रशिक्षार्थी कार्यक्रम अन्तर्गत इन्फर्मेशन टेक्नोलोजी कार्यक्रम सञ्चालित प्राविधिक विद्यालयहरू बीच CAN का सदस्य उद्योगहरूमा प्रशिक्षार्थीहरूलाई कार्यस्थलमा आधारित सिकाइमा समावेश गर्नको लागि डिसेम्बर २२, शुक्रबारका दिन एक अन्तरक्रिया बैठक आयोजना गरिएको थियो । कार्यक्रममा CAN, प्राविधिक शिक्षालय, बागमती प्रदेश उद्योग परिसंघ (CBPI) र ENSURRE का प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

यस अवधिमा २३३५ जना युवा र २६४ उद्योग प्रतिनिधिहरूको सहभागितामा ३८ वटा Hire an Apprentice कार्यक्रमको आयोजना गरियो । बागमती प्रदेशका प्राविधिक विद्यालय र अटोमोबाइल उद्योगबीच अप्रेन्टिसिप प्लेसमेन्टका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

यस अवधिमा कुल ३०५ विद्यमान कामदारहरूले सीप स्तरोन्नति तालीम प्राप्त गरेका छन् । कोशी प्रदेशमा कार्यरत १०२ जना कामदारहरूका लागि इन्स्ट्रुमेन्टेसन, ऊर्जा दक्षता, हाउसकिपिङ, वेटर र वेट्रेस, व्यवस्थापन लगायत विभिन्न क्षेत्रका पाँच कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भएका छन् । बागमती प्रदेश उद्योग परिसंघ (CBPI) ले ६५ विद्यमान कामदारलाई पेशागत सुरक्षा तथा स्वास्थ्य तालीम, भेरिएबल फ्रिक्वेन्सी ड्राइभ र



इलेक्ट्रोनिक्स तथा इन्स्ट्रुमेन्टेसन सम्बन्धी तीनवटा सीप स्तरोन्नति तालीम सञ्चालन गरेको छ। होटल म्यानेजमेन्ट रिफ्रेसर तालीम, बरिस्ता, वेटर/वेट्रेस, हाउसकिपिङ, ३ युरो ६ (बीएसभीआई), फेज वायरिङ्ग र इनर्जी इफिसेन्सी (इलेक्ट्रिकल) मा कार्यरत १३८ कामदारहरूका लागि लुम्बिनी प्रदेशमा सात वटा कार्यक्रम आयोजना गरिएको थियो ।

नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले लक्ष्मी हुन्डाई ट्रेनिङ सेन्टरसँगको सहकार्यमा पाटन इण्डष्ट्रियल करिडोरमा युरो ६/बीएस ६ मा सीप स्तरोन्नति तालीम सञ्चालन गरेको छ । नाडाले विद्यमान कामदारहरूका लागि पनि यस्तै तालिम सञ्चालन गर्न इन्स्योर परियोजनासहितको सीप विकास इकाई स्थापना गरेको छ ।

प्रि-डिप्लोमा स्तर औद्योगिक प्रशिक्षार्थी कार्यक्रम चयन, भर्ना, र मूल्याङ्कन दिशानिर्देश पुस्तिकाहरू परिमार्जित र अनुमोदित गरिएको छ। वृत्ति मार्गनिर्देशन कार्यक्रम कार्यान्वयन र अनुगमन निर्देशिकाहरू विकास गरिएको र स्थानीय स्तरमा स्वीकृत हुने प्रक्रियामा छन्। दुहबी नगरपालिकाले वृत्ति मार्गनिर्देशन कार्यक्रम कार्यान्वयन प्रक्रियालाई अनुमोदन गरेको छ। इन्स्योर परियोजनाले वृत्ति मार्गनिर्देशन (करियर गाइडेन्स) सेवा केन्द्र (CGSC) स्थापना र सञ्चालन गर्न शिक्षा तालीम केन्द्र (ETC) धुलिखेलमा भौतिक संरचना तयार गरिसकेको छ र डिजिटल सेवा प्रदान गर्नको लागि पूर्व तयारी सम्पन्न गरेको छ। कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय (MoSD) ले करियर गाइडेन्स सेवा केन्द्र (CGSC), शिक्षा तालीम केन्द्र (ETC) इनरुवामा र MoSD लुम्बिनीले ETC मायादेवीमा स्थापना गर्ने निर्णय गरेको छ। ETC हरुले CGSC को लागि दुईवटा कोठा छुट्याएको छ र CGSC स्थापनाको आवश्यक तयारी भइरहेको छ । त्यसैगरी ५ वटा नगरपालिका (दुहबी, रामधुनी, दमक, त्रियुगा र धनकुटा) ले CGSC संचालनको लागि बजेट विनियोजन गरेका छन्। धनकुटा र रामधुनी नगरपालिकाले आफ्नो कक्षा ८ को स्थानीय पाठ्यक्रममा वृत्ति मार्गनिर्देशन सामग्री समावेश गरेका छन् । बागमती प्रदेशका ५,६८५ विद्यार्थीलाई ८५ विद्यालयमा करियर मार्गदर्शन सञ्चालन गर्न ९ स्थानीय सरकारसँग सम्झौता पत्रमा हस्ताक्षर भएको छ। कक्षा ९ र १० मा वृत्ति मार्गनिर्देशन सत्रको प्रभावकारी अनुगमन गर्ने क्षमता अभिवृद्धि गर्ने उद्देश्यले ENSSURE परियोजनाले ९ वटा (बागमती -३, कोशी -३, लुम्बिनी -३) वृत्ति मार्गनिर्देशन अनुगमन तथा मूल्याङ्कन कार्यशाला सम्पन्न गरेको छ ।



# राइनास बहुप्राविधिक शिक्षालय, लमजुङ्ग

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को आङ्गिक शिक्षालयको रुपमा राइनास बहुप्राविधिक शिक्षालयको स्थापना वि.सं. २०७६ सालमा भएको हो । यो शिक्षालय लमजुङ्ग जिल्लाको राइनास नगरपालिकाको वडा नं. ८ मा अवस्थित छ। यो शिक्षालय वीरभक्ति माध्यमिक विद्यालयको २२ रोपनी ४ आना ३ पैसा ३ दाम र शिक्षालयको १६ रोपनी गरी जम्मा ३८ रोपनी भन्दा बढी क्षेत्रफलमा फैलिएको छ। शान्त, सफा र रमणीय वातावरणमा अवस्थित यस शिक्षालयले नियमित कार्यक्रमका अतिरिक्त स्थानीय सरकार तथा अन्य निकायहरूका साथै विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी स्थानीय आवश्यकतानुसारका सीपमूलक तालीम कार्यक्रमहरू पनि संचालन गर्दै आइरहेको छ।

गुणस्तरीय प्राविधिक शिक्षा र व्यावसायिक तालीमबाट व्यक्ति, समाज र देशमा सकारात्मक परिवर्तन तथा उन्नति गर्न सकिन्छ भन्ने मुख्य ध्येय सहित श्रमबजारमा आवश्यक आधारभूत तथा मध्यमस्तरीय सीपयुक्त जनशक्ति उत्पादन गर्ने कार्य शिक्षालयले गर्दै आइरहेको छ।

यस शिक्षालयमा शैक्षिक सत्र २०७७/०७८ बाट प्राविधिक शिक्षाका कार्यक्रमको शुरुवात भएको हो । शुरुमा डिप्लोमा तह अन्तर्गत वन विज्ञान कार्यक्रम सञ्चालन गरिएको थियो भने शैक्षिक सत्र २०७८/०७९ बाट डिप्लोमा तह कृषि तर्फ बाली विज्ञानको पठन पाठन शुरु भयो । यसका साथै दलित, मुस्लिम, विपन्न तथा लोपोन्मुख जातजातिका छात्रछात्राहरूका लागि डिप्लोमा तह कृषि (बाली विज्ञान) कार्यक्रममा आवासीय सुबिधा सहितको विशेष छात्रवृत्ति कार्यक्रम पनि शिक्षालयले सञ्चालन गरिरहेको छ।

**हाल सञ्चालनमा रहेका कार्यक्रमहरू**

| क्र.सं. | कार्यक्रम | अवधि | कोटा | शुरू भएको वर्ष |
|---|---|---|---|---|
| १. | डिप्लोमा तह वन विज्ञान | ३ वर्ष | ४० | २०७७/०७८ |
| २. | डिप्लोमा तह कृषि (बाली विज्ञान) | ३ वर्ष | ४० | २०७८/०७९ |
| ३. | डिप्लोमा तह कृषि (बाली विज्ञान) विशेष छात्रवृत्ति कार्यक्रम | ३ वर्ष | ४० | २०७८/०७९ |

प्राविधिक तथा व्यावसायिक शिक्षा र तालीममा सर्वसाधारणको पहुँच अभिवृद्धिका लागि शिक्षालयले कम शुल्कमा सेवा प्रदान गरिरहेको छ। यस कारण हुम्ला, जुम्ला, डोल्पा, कालिकोट, मुगु जस्ता दुर्गम क्षेत्रका विद्यार्थीहरूले समेत यस शिक्षालयमा आई अध्ययन गरिरहेका छन् ।

**शुल्क विवरण**

| विवरण | डिप्लोमा तह वन विज्ञान/कृषि (वाली विज्ञान) | कैफियत |
|---|---|---|
| पूर्ण शुल्क | रू. ५०,७००।- | धरौटी सहित ३ वर्षको जम्मा शुल्क |



यस शिक्षालयमा सञ्चालित डिप्लोमा तहका प्रत्येक कार्यक्रममा जम्मा ४० जनाको कोटा रहेको छ । परिषद्ले तोकेका कोटाका अतिरिक्त शिक्षालय सञ्चालक समितिले वीर भक्ति मा.वि. र राइनास नगरपालिकाका लागि समेत कोटाको व्यवस्था देहाय अनुसार स्वीकृत गरेको छ ।

**कोटाहरूको विवरण**

| वर्गीकृत (निःशुल्क) छात्रवृत्ति | जेहेन्दार छात्रवृत्ति | सिटिइभिटी कर्मचारी परिवार | वीर भक्ति मा.वि. | राइनास नगरपालिका | लक्षित वर्ग | प्रा.एस.एल.सी./ प्रि-डिप्लोमा | खुल्ला | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ३ | १ | १ | २ | १० | ४ | ४ | १५ | ४० |

यस शिक्षालयमा सुविधासम्पन्न कक्षाकोठा, कम्प्युटर ल्याब, प्रयोगशाला, पुस्तकालय जस्ता भौतिक पूर्वाधार हुनाका साथै शिक्षण प्रशिक्षणका लागि उपयुक्त शैक्षिक वातावरण रहेको छ । शिक्षालयमा रहेको भौतिक पूर्वाधारको विवरण देहाय अनुसार छ ।

**शिक्षालयमा विद्यमान भौतिक पूर्वाधारको अवस्था**

| क्र.सं. | भौतिक पूर्वाधारको विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| १. | प्रशासनिक तथा प्रशिक्षण भवन | १ | |
| २. | शिक्षालय प्रमुख आवास गृह | १ | |
| ३. | प्रयोगशाला | १ | |
| ४. | छात्रवास | १ | |
| ५. | कर्मचारी आवास गृह | १ | |
| ६. | खेल मैदान | १ | |
| ७. | प्लास्टिक टनेल | ४ | |



# प्राविधिक शिक्षाले गर्दा देश तथा विदेशमा मनग्य कमाइ

मेरो नाम सुभाष पण्डित हो। मेरो स्थायी ठेगाना व्यास नगरपालिका, वडा नं. ९, तनहुँ हो । हाल म तारकेश्वर नगरपालिका, वडा नं. ९, मनमैजु, काठमाण्डौमा सपरिवार बसोबास गर्दै आइरहेको छु। मेरो बुबाको नाम ब्रम्हदत्त पण्डित हो भने आमाको नाम यमुना पण्डित हो । मेरो जन्म २०४० सालमा भएको हो । मेरो बुबा-आमाका तीन जना सन्तानमा म एक्लो छोरा हुँ। मेरी एक जना बहिनी र एक जना दिदी हुनुहुन्छ। मेरो जन्म साधारण किसान परिवारमा भएको थियो । बुबाले कक्षा ८ सम्म पढ्नु भएको थियो। आमाले विद्यालय शिक्षा हासिल नगरे ता पनि साधारण लेखपढ भने गर्न सक्नु हुन्छ।

मैले एसएलसी २०५६ सालमा श्री माहेन्द्री माध्यमिक विद्यालय, व्यास नगरपालिका - ९, भिनुवाटार, तनहुँबाट पास गरेको हुँ। त्यसपछि मैले आदिकवि भानुभक्त बहुमुखी क्याम्पस, दमौलीबाट २०५८ सालमा कक्षा १२ अर्थात +२ पूरा गरेँ । कक्षा १२ को परीक्षा दिइसकेपछि म खाली थिएँ । मेरो छिमेकी अङ्कल सिटिइभिटी अन्तर्गतको भेरी प्राविधिक शिक्षालय, नेपालगञ्जमा काम गर्नु हुन्थ्यो । म अङ्कललाई सम्पर्क गरी नेपालगञ्ज घुम्न गएँ । मैले त्यो बेला सिटिइभिटीको नाम मात्र सुनेको थिएँ तर सिटिइभिटीमा के पढ्न पाइन्छ केही थाहा थिएन। पश्चिम नेपाल कस्तो रहेछ हेरौं न त भनेर घुम्न गएको थिएँ। त्यो बेला भेरी प्राविधिक शिक्षालयले १५ महिने टिएसएलसी तहको इलेक्ट्रोनिक्स इञ्जिनियरिङ्ग कार्यक्रम पहिलो पटक शुरुवात गर्न लागेको रहेछ। प्रवेश परीक्षाका लागि फाराम खुलेको रहेछ। अङ्कलले पढ्ने हो भनेर सोध्नु भयो। मैले यो कस्तो पढाइ हो, पढेर के हुन्छ भने। अङ्कलले इलेक्ट्रोनिक्स इञ्जिनियरिङ्गको बारेमा बताउनु भयो। डेढ वर्षमा नै पढाइ पूरा गर्न सकिने हुँदा लामो समय पनि नलाग्ने कुरा बताउनु भयो। पढेर रोजगारीको अवसर समेत राम्रो रहेको कुरा वहाँले वताउनु भयो।

मलाई पनि सानै देखि घडी रेडियो जस्ता सामग्रीहरू बनाउन रहर लाग्थ्यो । सानो छँदा मैले घरमा भएको रेडियो खोल्ने र फेरी जोड्ने जस्ता काम धेरै पटक गरेको थिएँ। त्यसरी चलाउँदा एक पटक रेडियो नै बिग्रेको थियो र मैले गाली समेत खाएको थिएँ। यसरी इलेक्ट्रोनिक्स सामानहरूमा मेरो सानैदेखि रूची थियो । अङ्कलको कुरा सुनिसकेपछि मलाई पनि पढ्न मन लाग्यो । मैले प्रवेश परीक्षाको फाराम भरें, प्रवेश परीक्षा दिएँ र म छनोट पनि भएँ । भर्ना हुन पैसा चाहिने भयो । मसँग पैसा सकिइसकेको थियो । अङ्कलले मलाई पैसा सापटी दिनु भयो । म घर नगई नेपालगञ्ज बसेर पढ्न थालें। पछि स्कुल विदा भएको बेलामा मात्र म घर गएँ र अङ्कलको सापटी पैसा फिर्ता गरें।



भेरी प्राविधिक शिक्षालयमा पढ्दा असाध्यै रमाइलो भयो। आफूलाई रूची लागेको विषय पढ्न पाएर पनि होला । सबै प्रशिक्षकहरूसँग असाध्यै राम्रो सम्बन्ध बन्यो । हाम्रो ब्याचमा जम्मा २७ जना प्रशिक्षार्थीहरू थियौं । म परीक्षामा अक्सर प्रथम हुन्थे । मलाई पनि प्रशिक्षक तथा साथीहरूले मन पराउनु हुन्थ्यो। शुरुको केही समय बिहानी सिफ्टमा पढाइ भयो भने त्यस पछि दिउसोको समयमा पढाइ हुन थाल्यो। मलाई प्रयोगात्मक अभ्यास गर्न खुबै मन लाग्थ्यो । शिक्षालयमा धेरैजसो समय प्रयोगात्मक अभ्यासमा नै हामी व्यस्त हुन्थ्यौं। कोर्षको अन्त तिर केही महिना On–the–job Training गर्नु पर्ने भयो । मैले काठमाण्डौको न्यूरोडमा भएको एउटा प्राइभेट कम्पनीमा टेलिफोन जडान तथा मर्मत सम्बन्धी काम गरें। OJT सकिनासाथ मलाई त्यही कम्पनीले जागिर दिने भयो, तर मलाई तलब त्यति चित्त बुझ्दो नलागेकोले इन्कार गरिदिएँ । यसरी मैले २०६० सालमा भेरी प्राविधिक शिक्षालयबाट टिएसएलसी इन इलेक्ट्रोनिक्स इञ्जिनियरिङ्ग विषयको पढाइ पूरा गरें।

आफूले सिकेको सीपसँग सम्बन्धित काम पाएमा विदेश जानु पर्ला भन्ने सोंच बनाएँ। मैले बुबा-आमालाई विदेश जान्छु भनें, तर वहाँहरू मान्नु भएन। सायद एक्लो छोरा भएर पनि होला। छोरो विदेश गयो भने विवाह गर्न ढिला हुन्छ, उसले दुःख पाउँछ र आफूहरूले पनि दुःख पाइन्छ भन्ने चिन्ता थियो बुबा-आमाको। वहाँहरूको चाहना छोरा यहीं बसोस्, अझै धेरै पढोस् र सरकारी जागिर खाओस् भन्ने थियो । त्यसपछि मैले रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाण्डौमा मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत बि.ए.मा भर्ना गरें। बुबा-आमालाई म बि.ए. पढ्दै छु भनेको थिएँ। तर मैले प्राविधिक भएर काम गर्न पाएमा विदेश जाने मनमनै अठोट गरिसकेको थिएँ। मैले बुबा-आमालाई केही नभनी पासपोर्ट बनाइसकेको थिएँ।

एक दिन कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका हेर्दै थिएँ, कतारका लागि फायर अलार्म टेक्निसियनको आवश्यकता सम्बन्धी विज्ञापन पढें । मैले उक्त विज्ञापन गर्ने एजेन्सीमा सम्पर्क गरें । मलाई अन्तरवार्ताको लागि बोलाइयो । म आवश्यक कागजात लिएर अन्तर्वार्ता दिन गएँ । अन्तरवार्ता दिइयो, राम्रै भयो । म छनौट भएको कुरा मैले पछि जानकारी पाएँ। मलाई कतार जान तयारी गर्नु, कागजात तयार गर्नु भनियो। "घर सल्लाह गर्दा बुबा-आमाले विदेश नजा भन्नु भयो, म त जान्न क्यारे" मैले उनीहरूलाई भने।

उनीहरूले टिकटको पैसा लाग्दैन, भिषाको पैसा पनि लाग्दैन, सबै कम्पनीले बेहोर्छ भनेर कर गरे । मैले घरमा बुबा-आमालाई सम्झाएँ । यसरी म २०६२ सालमा वैदेशिक रोजगारीका लागि कतार गएँ ।

विदेशको परिवेश नेपालको भन्दा फरक थियो । फरक फरक भाषा बोल्ने मान्छे थिए । काम चुनौतीपूर्ण थियो । मलाई विदेशमा काम गर्नको लागि नेपालमा सिकेको सीपले धेरै मद्दत गर्‍यो । एक वर्ष भित्रमा नै म त्यहाँ २ पटक बढुवा भएँ । मेरो मासिक कमाइ नेपाली रुपैया करिब १,५०,००० ।- हुन्थ्यो । बीच बीचमा छुट्टी मिलाएर म नेपाल पनि आउँथे । यसरी म करिब ६ वर्ष वैदेशिक रोजगारीको सिलसिलामा कतार बसें ।

म २०६८ सालमा नेपाल आएँ । नेपाल आएर सामाखुशीमा एउटा इलेक्ट्रोनिक्स पसल शुरु गरें । पसल राम्रोसँग चलाउन उपयुक्त स्थान हुनु पर्ने रहेछ । म त्यस्तै स्थानको खोजीमा थिएँ । करिब ६ महिना पछि नागार्जुन नगरपालिका २, गैह्री गाउँ, बुद्धचोकमा मैले पसल सारें । त्यही पसलमा मैले फोटो स्टुडियो पनि चलाउन थालें । अहिलेसम्म त्यही पसल निरन्तर चलिरहेको छ ।

वि.सं. २०७२ सालमा कतारमा पहिला कै कम्पनीमा सुपरभाइजरको रूपमा काम गर्ने अवसर पुनः प्राप्त भयो । मैले २०७५ सालसम्म कतारमा काम गरें । म विदेशमा हुँदा मेरी श्रीमतीले मेरो व्यवसायको रेखदेख गर्न थालिन् । व्यवसायमा सहयोग गर्नका लागि एक जना पूर्ण कालीन कर्मचारी पनि राखियो । कतारबाट फर्किए पछि म पुनः यही व्यवसायमा निरन्तर लागिरहेको छु ।

कतारबाट फर्किए पछि पनि मलाई बेला बेला कम्पनिले परामर्शदाताको रुपमा बोलाइरहन्छ । करिब दुईदेखि तीन हप्ताको लागि वर्षमा दुई-तीन पटक आउने जाने गरिरहन्छु । यसरी जाँदा आउँदा लाग्ने यातायात खर्च, होटलबास खर्च र भत्ता (दैनिक करिब १५० अमेरिकी डलर) कम्पनीले दिन्छ । विदेशमा हुँदा पनि म मेरो व्यवसायसँग सम्बन्धित काम अनलाइनबाट गरिरहेको हुन्छु । मेरो नेपालमा भएको व्यवसायबाट पनि मासिक एक लाखमाथि कमाइ हुन्छ । अहिले मैले काठमाण्डौमा नै घर बनाएको छु । बुबा-आमालाई पनि यतै ल्याएको छु । मेरो एक जना छोरा पनि छ । उ अहिले ७ कक्षामा पढ्दै छ । मलाई मेरो छोराले पनि प्राविधिक शिक्षा पढोस् भन्ने छ । यदी मैले साधारण शिक्षा मात्र पढेको भए सायद म अहिले गाडी चढेर हिड्न सक्ने हैसियतको हुने थिइन होला । मलाई यो स्थानमा ल्याइपुर्‍याएको नै प्राविधिक शिक्षाले हो ।

प्राविधिक शिक्षा लिए पछि खाली हात बस्नु पर्दैन । खाली हात नबस्ने मिहिनेती मान्छेले नै सफलता प्राप्त गर्छ । हुनत मेरा बुबा-आमालाई छोराले सरकारी जागिर खाओस् भन्ने थियो, तर मलाई कहिल्यै सरकारी जागिर खान मन लागेन । मलाई कसरी व्यवसाय गर्ने र बढाउने भन्ने हुटहुटी मात्र लागिरहन्थ्यो । मेरो अहिलेको कामबाट बुबा-आमा पनि सन्तुष्ट हुनुहुन्छ । म अहिलेका भाइ बहिनीहरूलाई आफ्नो रुचीको क्षेत्रमा प्राविधिक शिक्षा वा सीप मूलक तालीम लिन अनुरोध गर्दछु । त्यस्तो खालको प्राविधिक शिक्षा लिइयो भने देश तथा विदेशमा मनग्य कमाइ गर्न सकिन्छ । आफ्नो क्षेत्रमा भएको बदलिंदो प्रविधिसँग भने सदैव जानकार हुनु पर्दछ, नत्र फेरी पछाडी परिन्छ । अन्तमा, मलाई मेरा दुई शब्द राख्ने अवसर दिनु भएकोमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परिवारप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।



# फोटो फिचर










# फोटो फिचर















